"जलश्रोत, पर्यटन र जडिबुटीले सम्मुनत विगु गाउँपालिका"

विगु गाउँपालिका
Bigu Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive

लादुक, दोलखा
Laduk, Dolakha
बागमती प्रदेश, नेपाल
Bagmati Province, Nepal

पत्र संख्या/Ref. No:- २०७७/०७८
चलानि नं./Dispatch No:

मिति/Date:- २०७७।११।०३

## बेरोजगार व्यक्तिहरुको निवेदन संकलन सम्बन्धी विगु गाउँपालिकाको सूचना ।

प्रस्तुत विषयमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम)को च.नं. २५८ को मिति २०७७/१०/२५ गतेको पत्रानुसार रोजगारीको हक सम्बन्धि ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धि नियमावली, २०७५ (पहिलो संशोधन,२०७७ सहित) को नियम ७ उपनियम (१), प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७७ को दफा १८ को उपदफा (१) र (२) तथा नेपाल सरकार (मा.मन्त्रीस्तर) मिति २०७७/१०/२२ मा भएको निर्णय बमोजिम आ.ब. २०७८/०७९ को लागि १०० दिनको न्यूनतम रोजगारीमा संलग्न हुन चाहने बेरोजगार नेपाली नागरिकहरुलाई बेरोजगार सुचना प्रणाली ( EMIS) मा २०७७ फागुन महिना भित्रमा निवेदन प्रविष्ट गरी सक्नु पर्ने भएकोले सम्बन्धित वडा कार्यालयले आ.ब. २०७८/०७९ को लागि १०० दिनको न्यूनतम रोजगारीमा संलग्न हुन चाहने १८ बर्ष पुरा भई ५९ बर्ष ननाघेका बेरोजगारहरुको तपसिलमा उल्लेखित कागजात सहित निवेदन संकलन गर्न गराउन हुन निर्देशानुसार अनुरोध छ । साथै बेरोजगार नेपाली नागरिकहरुले आफु स्थायी बसोबास गरिरहेको वडा कार्यालयमा गई कार्यालयले उपलब्ध गराएको फाराम (अनुसूची १) भरी नियमानुसार बेरोजगार सूचिमा सूचिकृत हुन सम्बन्धित सबैमा यो सुचना जारी गरिन्छ ।

तपसिल

**संलग्न गर्नुपर्ने कागजातहरु**

१. अनुसूचि-१ अनुसारको निवेदन
२. नागरिकता प्रमाण-पत्रको प्रतिलिपी
३. पासपोर्ट साईजको फोटो-१ प्रति (नयाँ आवेदनको हकमा)
४. बैंक खाता भएको हकमा बैंक खाता खुल्ने कागजात

**नोट : नवीकरणको लागि आवेदन पेश गर्दा अघिल्लो आ.ब.को लाभग्राही परिचय-पत्रको प्रतिलिपी अनिवार्य पेश गर्नुपर्नेछ ।**

..............................
पेमादोर्जे थोकर
नि.प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

फोन नं: ०४९-४१०१०९ ईमेल:info@bigumun.gov.np, bigumun@gmail.comवेभ साइट: www.bigumun.gov.np